# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६) काठमाडौं, मंसीर १५ गते २०४३ साल (अतिरिक्ताङ्क ३६

## भाग २

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४३ सालको ऐन नं. १९

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

४८३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## त्रिभुवन विश्वविद्यालय ऐन २०२८ लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावना :** त्रिभुवन विश्वविद्यालय ऐन, २०२८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "त्रिभुवन विश्वविद्यालय (चौंथो संशोधन) ऐन, २०४३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **त्रिभुवन विश्वविद्यालय ऐन, २०२८ को दफा २ मा संशोधनः** त्रिभुवन विश्वविद्यालय ऐन, २०२८ (यसपछि ("मूल ऐन" भनिएको) को दफा २ को,–

(१) खण्ड (ख) पछि देहायका खण्ड (ख१), (ख२) र (ख३) थपिएका छन् ।

"(ख१) "कार्यकारी परिषद्" भन्नाले दफा ४ख. बमोजिमको कार्यकारी परिषद् सम्झनुपर्छ ।

(ख२) "प्राज्ञिक परिषद्" भन्नाले दफा ४घ. बमोजिमको प्राज्ञिक परिषद् सम्झनुपर्छ ।

(ख३) "छनौट समिति" भन्नाले दफा १५क. बमोजिमको छनौट समिति सम्झनुपर्छ ।"

(२) खण्ड (ग) मा रहेका "रजिष्ट्रार र विश्वविद्यालय सेवा आयोगका" भन्ने शब्दहरूको सट्टा "रजिष्ट्रारको" भन्ने शब्द राखिएको छ ।

३. **मूल ऐनको दफा ४ मा संशोधन :** मूल ऐनको दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छः–

"४. **विश्वविद्यालय सभाको गठन :** (१) देहायका सदस्यहरू भएको एउटा विश्वविद्यालय सभा हुनेछः–

(क) कुलपति – अध्यक्ष

(ख) सह-कुलपति – उपाध्यक्ष

(ग) नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका कुलपति वा उप-कुलपति – सदस्य

(घ) सहायक मन्त्री, शिक्षा तथा संस्कृति मन्त्रालय – सदस्य

(ङ) सभापति वा उपसभापति, सामाजिक समिति, राष्ट्रिय पञ्चायत – सदस्य



656
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) राष्ट्रिय योजना आयोगका सदस्य (शिक्षा) – सदस्य
(छ) राष्ट्रिय पञ्चायतका सदस्यहरूमध्येबाट दुई जना – सदस्य
(ज) उप-कुलपति – सदस्य
(झ) नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको उप-कुलपति – सदस्य
(ञ) सचिव, शिक्षा तथा संस्कृति मन्त्रालय – सदस्य
(ट) सचिव, अर्थ मन्त्रालय – सदस्य
(ठ) शिक्षाध्यक्ष – सदस्य
(ड) रजिष्ट्रार – सदस्य
(ढ) सदस्य-सचिव, राष्ट्रिय शिक्षा समिति – सदस्य
(ण) अध्ययन संस्थानका डीनहरू – सदस्य
(त) अनुसन्धान केन्द्रका कार्यकारी निर्देशकहरू – सदस्य
(थ) राष्ट्रिय बिकास सेवाको निर्देशक – सदस्य
(द) संकाय डीनहरू – सदस्य
(ध) केन्द्रीय विभागीय प्रमुखहरूमध्येबाट सात जना – सदस्य
(न) प्राध्यापकहरूमध्येबाट दुई जना – सदस्य
(प) सम्बन्धन भएका क्याम्पसहरूका क्याम्पस प्रमुखहरू मध्येबाट दुई जना – सदस्य
(फ) भूतपूर्व उप-कुलपतिहरूमध्येबाट एक जना – सदस्य
(ब) लब्धप्रतिष्ठित विद्वानहरूमध्येबाट दुई जना – सदस्य
(भ) पत्रकारहरूमध्येबाट दुई जना – सदस्य
(म) चन्दादाताहरूमध्येबाट दुई जना – सदस्य
(य) उद्योगपति र व्यापारीवर्गबाट दुई जना – सदस्य
(र) विद्यार्थी प्रतिनिधि दुई जना – सदस्य

(२) पदेन सदस्यहरुबाहेक सभाका अन्य सबै सदस्यहरूको मनोनयन कुलपतिबाट तीन वर्षका लागि हुनेछ। विद्यार्थी प्रतिनिधिको पदावधि एक वर्षको हुनेछ।"

४. मूल ऐनमा दफा ४क., ४ख., ४ग., ४घ., र ४ङ. थप : मूल ऐनको दफा ४ पछि देहायका दफा ४क., ४ख., ४ग., ४घ. र ४ङ. थपिएका छन्:–

"४क. सभाको काम, कर्तव्य र अधिकार : सभाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) विश्वविद्यालयको मार्गदर्शनको भूमिका खेल्ने र विश्वविद्यालयका अन्य निकायहरूलाई आवश्यक नीति, निर्देशन दिने,

(ख) विश्वविद्यालयको वार्षिक कार्यक्रमलाई स्वीकृति दिने र वार्षिक बजेट पारित गर्ने,

(ग) वार्षिक प्रतिवेदनमाथि छलफल गर्ने र विश्वविद्यालयको कार्यक्रमहरूको मूल्याङ्कन गर्ने,

(घ) विश्वविद्यालयका नियमहरू पारित गर्ने,

(ङ) लेखापरीक्षणको प्रतिवेदनमाथि छलफल गर्ने र स्वीकृति दिने,

(च) आवश्यकताअनुसार विशेष समितिहरूको गठन गर्ने,

(छ) विश्वविद्यालय विकासका दीर्घकालीन योजनामा स्वीकृति दिने,

(ज) प्राज्ञिक परिषद्को सिफारिशमा निजी क्षेत्रमा सञ्चालन गरिने क्याम्पसलाई सम्बन्धन दिने,

(झ) तोकिएबमोजिम अन्य काम गर्ने ।

४ख. कार्यकारी परिषद्को गठन : (१) विश्वविद्यालयको कार्यकारी निकायको रूपमा काम गर्ने देहायका सदस्य भएको एउटा कार्यकारी परिषद् हुनेछः–

| | |
|---|---|
| (क) उप-कुलपति | – अध्यक्ष |
| (ख) शिक्षाध्यक्ष | – सदस्य |
| (ग) रजिष्ट्रार | – सदस्य-सचिव |
| (घ) अध्ययन संस्थानका डीनहरूमध्येबाट एक जना | – सदस्य |
| (ङ) संकाय डीनहरूमध्येबाट एक जना | – सदस्य |
| (च) दफा ४ बमोजिमका सदस्यहरूमध्येबाट एक जना | – सदस्य |
| (छ) प्राध्यापकहरूमध्येबाट एक जना | – सदस्य |

(२) उपदफा (१) को खण्ड (घ), (ङ) र (च) का सदस्यहरूको मनोनयन सभाले तीन वर्षको लागि गर्नेछ ।

(३) उपदफा (१) को खण्ड (छ) को सदस्यको मनोनयन सभाले केन्द्रीय शिक्षण विभागका प्रमुखहरूको सभाको सिफारिशमा तीन वर्षको लागि गर्नेछ ।

४ग. कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार : कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) सभाका निर्देशन तथा निर्णयहरू कार्यान्वयन गर्ने,

(ख) राष्ट्रिय शिक्षा समितिले दिएको निर्देशन पालना गर्ने,

(ग) सभामा प्रस्तुत गर्ने कार्यक्रम बजेट, प्रगति प्रतिवेदन, लेखा परीक्षण र अन्य प्रस्तावहरू तयार गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) विश्वविद्यालयका लागि प्रदान गरिएका दानदातव्य ग्रहणगर्ने,

(ङ) विश्वविद्यालयको सम्पूर्ण कोष चल-अचल सम्पत्तिको व्यवस्था तथा संरक्षण गर्ने र सभाको नीति तथा निर्देशनभित्र रही आवश्यकतानुसार बेच-बिखन गर्ने,

(च) विश्वविद्यालय अन्तर्गत सञ्चालित सबै कार्यक्रमहरूको रेखदेख गर्ने,

(छ) नियमको मस्यौदा बनाई सभामा पेश गर्ने,

(ज) अध्ययन संस्थान तथा संकाय डीनहरू, राष्ट्रिय विकास सेवाका निर्देशक र अनुसन्धान केन्द्रका कार्यकारी निर्देशकहरूको नियुक्ति गर्ने,

(झ) क्याम्पस प्रमुखको नियुक्ति गर्ने,

(ञ) विश्वविद्यालयसित सम्बन्धन भएका क्याम्पसलाई मल्याङ्कनको आधारमा अनुदान दिने,

(ट) विश्वविद्यालयका शिक्षक तथा कर्मचारीहरूको दरबन्दी तोक्ने,

(ठ) विश्वविद्यालयका शिक्षक तथा कर्मचारीहरूको नियुक्ति गर्ने, र

(ड) तोकिएबमोजिम अन्य काम गर्ने।

४घ. प्राज्ञिक परिषद्को गठन : (१) विश्वविद्यालयको केन्द्रीय शैक्षिक प्राज्ञिक निकायको रूपमा काम गर्ने देहायका सदस्यहरू भएको एउटा प्राज्ञिक परिषद् हुनेछः–

| | |
|---|---|
| (क) उप-कुलपति | – अध्यक्ष |
| (ख) शिक्षाध्यक्ष | – सदस्य |
| (ग) रजिष्ट्रार | – सदस्य |
| (घ) अध्ययन संस्थानका डीनहरू | – सदस्य |
| (ङ) संकाय डीनहरू | – सदस्य |
| (च) विषय समितिका अध्यक्षहरूमध्येबाट पाँच जना | – सदस्य |
| (छ) केन्द्रीय शिक्षण विभागका प्रमुखहरूमध्येबाट सात जना | – सदस्य |
| (ज) राष्ट्रिय विकास सेवाका निर्देशक | – सदस्य |
| (झ) अनुसन्धान केन्द्रका कार्यकारी निर्देशकहरू | – सदस्य |
| (ञ) प्राध्यापकहरूमध्येबाट दुई जना | – सदस्य |
| (ट) विश्वविद्यालयबाहिर रहेका विद्वानहरूमध्येबाट दुई जना | – सदस्य |



456

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) को खण्ड (च) र (ञ) का सदस्यहरूको मनोनयन अध्ययन संस्थानका डीनहरू तथा संकाय डीनहरूको सिफारिशमा सभाले तीन वर्षको लागि गर्नेछ ।

(३) संकाय डीनहरूमध्येबाट एक जनालाई उप-कुलपतिले प्राज्ञिक परिषद्को सदस्य-सचिवमा मनोनीत गर्नेछ ।

(४) उपदफा (१) को खण्ड (छ) र (ट) का सदस्यहरूको मनोनयन केन्द्रीय शिक्षण विभागका प्रमुखहरूको सभाको सिफारिशमा सभाले तीन वर्षको लागि गर्नेछ ।

४ङ. प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार : प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) विश्वविद्यालयको शैक्षिक प्राज्ञिक कुरामा मुख्य निकायको रूपमा काम गर्ने,

(ख) अध्ययन संस्थान र केन्द्रीय शिक्षण विभागको सिफारिशमा विश्वविद्यालयमा पठन-पाठन हुने विषयहरूको तह तथा विद्यार्थी भर्नाको योग्यता निर्धारण गर्ने,

(ग) परीक्षाको किसिम तोक्ने,

(घ) उपाधिको व्यवस्था गर्ने,

(ङ) सम्मानार्थ उपाधि दिन विश्वविद्यालय सभालाई सिफारिश गर्ने,

(च) विभिन्न निकायहरूले पेश गरेका शैक्षिक कार्यक्रमहरू स्वीकृत गर्ने,

(छ) अध्ययन संस्थान, केन्द्रीय शिक्षण विभाग, क्याम्पस तथा अनुसन्धान केन्द्रहरूमा सञ्चालित शैक्षिक कार्यक्रममा समन्वय ल्याउने र त्यसको मूल्याङ्कन गर्ने,

(ज) विभिन्न निकायहरूलाई शैक्षिक कार्यक्रमसम्बन्धी निर्देशन प्रदान गर्ने,

(झ) अनुसन्धानसम्बन्धी नीति तर्जुमा गर्ने,

(ञ) शिक्षण अनुसन्धानको उचित स्तर तोक्ने, र

(ट) तोकिएबमोजिम अन्य काम गर्ने ।

५. मूल ऐनको दफा ५ मा संशोधन : मूल ऐनको दफा ५ को उप-दफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :–



685 ९१५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(१) कुलपति, सह-कुलपति, केन्द्रीय कार्यालय, अध्ययन संस्थान, आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरूको सामूहिक रूप नै विश्वविद्यालयको स्वरूप हुनेछ ।"

८. मूल ऐनको दफा १० मा संशोधनः मूल ऐनको दफा १० को उपदफा (१) मा रहेका "कुनै व्यक्तिलाई" भन्ने शब्दहरूपछि "एक पटकमा चार वर्षको लागि" भन्ने शब्दहरू थपिएका छन् ।

७. मूल ऐनमा दफा १५क. र १५ख. थपः मूल ऐनको दफा १५ पछि देहायका दफा १५क. र १५ख. थपिएका छन् :–

"१५क. छनौट समितिको गठनः विश्वविद्यालयका शिक्षक तथा कर्मचारीको नियुक्तिका लागि सिफारिश गर्न विश्वविद्यालय सभाले छनौट समितिहरू गठन गर्नेछ ।

१५ख. छनौट समितिको काम, कर्तव्य र अधिकारः छनौट समितिको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।"

८. मूल ऐनको दफा १७ मा संशोधनः मूल ऐनको दफा १७ को उपदफा (१) को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः–

"(ङ) शुल्क तथा अन्य स्रोतबाट प्राप्त रकम ।"

९. मूल ऐनमा दफा २०ख. थपः मूल ऐनको दफा २०क. पछि देहायको दफा २०ख. थपिएको छ :–

"२०ख. निजी क्याम्पस खोल्ने र सम्बन्धन गराउनेः (१) विश्वविद्यालयको स्वीकृति लिई निजी क्याम्पस स्थापना गर्न सकिनेछ ।

(२) निजी क्याम्पस स्थापना गर्दा त्यस्तो क्याम्पसले विश्वविद्यालयसंग सम्बन्धन गराउनु पर्नेछ ।"

१०. मूल ऐनको दफा २७ मा संशोधनः मूल ऐनको दफा २७ मा रहेको "झगडाको" भन्ने शब्दको सट्टा "विवादको" भन्ने शब्द राखिएको छ ।

११. मूल ऐनको दफा २८ मा संशोधनः मूल ऐनको दफा २८ को उपदफा (१) मा रहेका "अध्ययन संस्थानले" भन्ने शब्दहरूको सट्टा "विश्वविद्यालय वा सम्बन्धन प्राप्त क्याम्पसहरूले" भन्ने शब्दहरू राखिएका छन् ।



४४४ ०४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।